"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"
" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

# सुनवल नगरपालिका
# Sunwal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना!

(प्रथम पटक प्रकाशित मितिः २०८३/२/१)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस सुनवल नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/२/१ को निर्णय बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सुनवल नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

| क.सं. | बोलपत्र नं. | बोलपत्र को नाम | माथिल्लो विन्दु | तल्लो विन्दु | परीणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 48.SUN/ SQ/2082-83 | तुरिया खोला १ | 27°37'53.1"N , 83°38'05.2° E | 27°38'5.36",N 83°38'4.06"E | १८९१३०.१३ | ७९७१९९५.१८ | ३९८५९९.७५९३ | |
| | | तुरिया खोला २ | 27°37'39.7", 83°38'09.0"E | 27°37'52.3", 83°38'04.7"E | १८१५४६.०७८७ | | | |
| | जम्मा | | | | ३७०७९०.४७ | | | |
| २ | 49.SUN/ SQ/2082-83 | भुमही खोला 3 | 27° 37.392'N, 83° 41.891'E | 27° 37.22.47'N, 83° 41'52.49'E | ७७६३३.५७ | ७९७१६७४.९७४ | ३९८५८३.७४८ | |
| | | भुमही खोला 4 | 27° 37.332'N, 83° 41.836'E | 27° 37.205'N, 83° 41.804'E | २९३१४२.००४७ | | | |
| | जम्मा | | | | ३७०७७५.५८ | | | |

- उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ।
- नदीजन्य पदार्थको न्यूनतम राजस्व दर रू. २१.५० प्रति घनफिट (मू.अ.कर बाहेक) निर्धारण गरिएको छ।
- १ घनमिटर बराबर ३५.३१४७ घनफुट गरिएको छ।

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Website : www.sunwalmun.gov.np
X: @sunwalmun
A: @sunwalmun
Email: sunwalmunicipality@gmail.com
Facebook: facebook.com/sunwalmun

Scanned with CamScanner
CamScanner

<u>शर्तहरू:</u>

१. फर्म वा कम्पनीले नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर रु. ३०००/- एन.आई.सी. एसिया बैंक लिमिटेड सुनवल शाखामा रहेको <u>सुनवल नगर कार्यपालिका आन्तरिक राजस्व खाता</u>, खाता नं. 0962050028279002 मा नगद जम्मा गरेको भौचर सहित यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट *bolpatra.gov.np* मार्फत बोलपत्र सम्वन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सकिनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम एन.आइ.सी. एसिया बैंक लिमिटेड सुनवल शाखामा रहेको <u>सुनवल नगर कार्यपालिका धरौटी खाता</u>, खाता नं. 96CA500968524004 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप साथ फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सातौं) औं दिन दिनको १२ (बाह्र) बजेभित्र विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

४. एउटा फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा कम्पनीका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको दिउसो १ (एक) वजे यस कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजका प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र सम्वन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना प्रकाशित भएको मितिले ३ (तिन) दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत पचास प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापत बाँकी पचास प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकले यस कार्यालयको नाममा २०८४ साल असार मसान्त सम्म म्याद सहित जारी गरेको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत



Scanned with CamScanner
CamScanner

पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्म वा कम्पनीले आफुले कबोल गरेको अंकमा थप १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आयकर समेत नेपाल सरकारलाई बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ।

८. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०७६, वन ऐन, २०७६, ढुङ्गा, गिट्टी, बालुवा, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (लुम्बिनी प्रदेश), चुरे संरक्षण क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड, २०७७ तथा अन्य प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययनको प्राविधिक प्रतिवेदन र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमतिका शर्त बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website: sunwalmun.gov.np मा समेत हेर्न सकिनेछ।)

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
CamScanner